**आकाशवाणी समाचार- नेपाली**

मितिः १८ सितम्बर २०२५

समयः ०७.२५ - ०७: ३५ बजे (*अवधिः १० मिनट*)

**मुख्य समाचार**

- रक्षा मन्त्री राजनाथ सिंहले आज नयाँ दिल्लीमा दुई दिने राष्ट्रिय सम्मेलन मंथन २०२५ को उद्धाटन गर्नुहुनेछ l
- भाजपाका वरिष्ठ नेता अनि गृहमन्त्री अमित शाहले आज बिहारको रोहतास, बेगुसराय र अन्य जिल्लाहरूमा पार्टी पदाधिकारीहरूसँग बैठक गर्नुहुनेछ।
- निर्वाचन आयोगले ईवीएम मतपत्रको स्पष्टता र पठनीयता बढाउनका लागि मतपत्रको डिजाइन र छपाईका लागि विद्यमान दिशा-निर्देशहरूमा संशोधन गरेको छ।
- भारतीय सेनाका चीफ आफ स्टाफ CDS - जेनेरल अनिल चौहान आज सिलगढी आउनु हुदैछ l
- केन्द्रीय वित्त एवम् कर्पोरेट मामिला मन्त्री निर्मला सीतारमणले देश बर्ष २०४७ सम्ममा विकसित भारतको लक्ष्य हासिल गर्ने दिशामा द्रुत गतिमा अघि बढिरहेको बताउनु भएको छ l
- राष्ट्रिय पुरस्कार विजेता फिल्म 'चलो जीते है' हिज देखि २ अक्टोबरसम्म देशभरि पुनः प्रदर्शित हुँदैछ।

**रक्षा मन्त्री राजनाथ सिंह- राष्ट्रिय सम्मेलन मंथन**

रक्षा मन्त्री राजनाथ सिंहले आज नयाँ दिल्लीमा दुई दिने राष्ट्रिय सम्मेलन मंथन २०२५ को उद्धाटन गर्नुहुनेछ l यो सम्मेलन रक्षा सम्पदा महानिदेशालयद्वारा केन्द्रीय विषयवस्तु रणनीतिक रोडम्याप टु विकसित भारत @2047 मा आयोजना गरिएको छ। सम्मेलनले रक्षा भूमि प्रबन्धनको पुन: कल्पना, उन्नत डिजिटल उपकरण र तकनिकीहरूको लाभ उठाउन र शासन ढाँचा र स्थायीपनालाई सुदृढ पार्न रक्षा सम्पत्ति विभागको विकसित भूमिकामा ध्यान केन्द्रित गर्नेछ। यस सम्मेलनमा रक्षा क्षेत्रमा भूमि प्रबन्धनको भविष्यका लागि महत्वपूर्ण विषयहरूमा वरिष्ठ सरकारी अधिकारीहरू र डोमेन विशेषज्ञहरूद्वारा अन्तर्दृष्टिपूर्ण सत्रहरू र व्याख्यानहरूको श्रृंखला हुनेछ।

**गृह मंत्री अमित शाह -बिहार**

भाजपाका वरिष्ठ नेता अनि गृहमन्त्री अमित शाहले आज बिहारको रोहतास, बेगुसराय र अन्य जिल्लाहरूमा पार्टी पदाधिकारीहरूसँग बैठक गर्नुहुनेछ। उहाँ हिज साँझ पटना पुग्नुभएको छ । उहाँलाई विमानस्थलमा केन्द्रीय गृह राज्य मन्त्री नित्यानन्द राय, भाजपा प्रदेश अध्यक्ष डा. दिलीप जैसवाल, उपमुख्यमन्त्रीहरू सम्राट चौधरी , विजय कुमार सिन्हा अनि धेरै वरिष्ठ नेताहरूले स्वागत गर्नुभएको थियो l

**केन्द्रीय गृहमन्त्री अमित शाह**

केन्द्रीय गृहमन्त्री अमित शाहले हिज नयाँ दिल्लीमा जारी सेवा पखवाडा अन्तर्गत दिल्लीका लागि १६ सय करोड रुपियाँ को विभिन्न विकास परियोजनाहरूको उद्धाटन र शिलान्यास गर्नुभयो। त्यागराज स्टेडियममा सभालाई सम्बोधन गर्नुहुदै श्री शाहले हिज शुरु गरिएका यी योजनाहरूले राष्ट्रिय राजधानीका जनतालाई फाइदा पुर्याउने बताउनु भयो। उहाँले भन्नुभयो, प्रधानमन्त्री श्री नरेन्द्र मोदीले आफ्नो सम्पूर्ण जीवन देशवासीहरूको कल्याणको लागि समर्पित गर्नुभएको छ। श्री

***शाहले भन्नुभयो, विगत ११ वर्षमा श्री मोदीको नेतृत्वमा देश सुरक्षित छ, अर्थव्यवस्था बलियो भएको छ र सुविधाहरू गरिबहरूसम्म पुगेको छ। उहाँले भन्नुभयो, मोदी सरकारले ६० करोड मानिसहरूलाई सुविधाहरू प्रदान गरेको छ र २५ करोड मानिसहरूलाई गरिबीबाट माथि उठाएको छ।***

1Byte अमित शाह

**निर्वाचन आयोग - ईवीएम मतपत्र**

निर्वाचन आयोगले ईवीएम मतपत्रको स्पष्टता र पठनीयता बढाउनका लागि मतपत्रको डिजाइन र छपाईका लागि विद्यमान दिशा-निर्देशहरूमा संशोधन गरेको छ। दिशानिर्देशहरू अनुसार, उम्मेदवारहरूको रंगीन फोटोहरू ईभीएम मतपत्रमा छापिनेछ र उम्मेदवारको अनुहार राम्रो दृश्यको लागि चित्रको तीन चौथाई हुनेछ। सबै उम्मेदवारहरूको नाम र नोटा एउटै फन्टमा छापिनेछ ताकि सबै नामहरू सजिलैसँग पढ्न सकियोस्। निर्वाचन आयोगले निर्वाचन प्रक्रियामा सुधार ल्याउन र मतदातालाई सहजीकरण गर्न विगत ६ महिनामा गरेका २८ पहलमध्ये यो पहल पनि एक हो ।आयोगले आगामी चुनावमा उन्नत गरिएको ईभीएम मतपत्रको प्रयोग गरिने र यसको शुरुवात बिहारबाट हुने जानकारी दिएको छ । निर्वाचन आयोगले यस सम्बन्धमा सबै राज्यहरू र केन्द्र शासित प्रदेशहरूका मुख्य निर्वाचन अधिकारीहरूलाई पत्र लेखेको छ। आयोगले निर्देश दिएको छ - मतपत्रको एकल पानामा अधिकतम पन्ध्र उम्मेदवारको नाम व्यवस्थित गरिनेछ र प्यानलमा अन्तिम उम्मेदवारको नामको पछि नोटाको विकल्प हुनेछ l

**भारतीय सेनाका चीफ आफ स्टाफ CDS - जेनेरल अनिल चौहान -सिलगढी**

भारतीय सेनाका चीफ आफ स्टाफ CDS - जेनेरल अनिल चौहान आज सिलगढी आउनु हुदैछ।भूतपूर्व सैनिकहरु,वीर नारीहरु तथा वीर जननीहरुको पेनसन सम्बंधित समस्याहरुको समाधानका लागि सिलगढीको बेनडुबी सैन्य स्टेशनमा System for Pension Administration (Raksha) - SPARSH out reach अर्थात स्पर्स पहुंच कार्यक्रमको उद्घाटन गर्नु हुनेछ। नियन्त्रक रक्षा लेखा विभाग पटना द्वारा यसको आयोजना गरिएको छ। यस कार्यक्रमले क्षेत्रका झण्डै बीस हजार भूतपूर्व सैनिकहरू,वीरनारीहरू साथै वीर जननीहरूको पेन्सन सम्बन्धित समस्याहरूको समाधान गरिने छ।

**केंद्रीय वित्त एवं कॉर्पोरेट मामलों मंत्री निर्मला सीतारमण -विकसित भारत**

केन्द्रीय वित्त एवम् कर्पोरेट मामिला मन्त्री निर्मला सीतारमणले देश बर्ष २०४७ सम्ममा विकसित भारतको लक्ष्य हासिल गर्ने दिशामा द्रुत गतिमा अघि बढिरहेको बताउनु भएको छ l केन्द्रीय मन्त्री आन्ध्र प्रदेशका मुख्यमन्त्री एन. चन्द्रबाबु नायडुका साथ हिज विशाखापट्टनममा आयोजित वैश्विक क्षमता केंद्र-जीसीसी व्यापार शिखर सम्मेलनमा भाग लिनुभयो। सभालाई सम्बोधन गर्नुहुदै श्रीमती सीतारमणले भन्नुभयो, जीसीसीले देशको विकासमा महत्त्वपूर्ण भूमिका खेल्नेछ।उहाँले भन्नुभयो, देशभरि थप जीसीसीहरू स्थापना गर्ने आशाका साथ, मानव संसाधन र कौशलको बढ्दो प्रयोगका साथ भारत एक प्रमुख वैश्विक व्यापार केन्द्र बन्ने सम्भावना छ।

**सूचना एवं प्रसारण मंत्री अश्विनी वैष्णव**

सूचना एवम् प्रसारण मन्त्री अश्विनी वैष्णवले भन्नुभएको छ - विगत एघार वर्षमा प्रधानमन्त्री नरेन्द्र मोदीले आफ्ना कार्यहरूद्वारा राजनीतिमा नयाँ मानक स्थापित गर्नुभएको छ । डीडी न्यूजसँगको एक साक्षात्कार मा श्री वैष्णवले भन्नुभयो, प्रधान मन्त्री राष्ट्र प्रथम, सदैव प्रथम को दृष्टिकोणका साथ काम गरिरहनुभएको छ। उहाँले -मोदी सरकारले गरिब, महिला, कृषक र युवाहरूको कल्याणमा जोड दिएको बताउनुभयो l

**2Byte-अश्विनी वैष्णव**

**सेवा पर्व – कृषि सम्बद्ध क्षेत्र**

सेवा र सुशासनको मन्त्र अर्थात् जनसेवा र सुशासनद्वारा निर्देशित प्रधानमन्त्री नरेन्द्र मोदीको नेतृत्वमा सरकारले परिवर्तन र प्रगति ल्याउन अथक प्रयास गरिरहेको छ। आज, यस विशेष शृङ्खला- "सेवा पर्व"मा, हामी तपाईंहरूका लागि यो कुरा ल्याउँछौं कि कसरी मोदी सरकारले सम्बद्ध गतिविधिहरूको विकासको माध्यमबाट कृषिलाई विविध क्षेत्रमा रूपान्तरण गरेको छ।

**3-BYTE-एग्री एलाइड**

**प्रधानमंत्री नरेंद्र मोदी वस्तु एवं सेवा कर- जीएसटी**

प्रधानमन्त्री नरेन्द्र मोदीले स्वतन्त्रता दिवसको अवसरमा  लाल किल्लाको प्रचीरबाट वस्तु तथा सेवा कर जीएसटी मा सुधारको घोषणा गर्नुभएको थियो  । प्रधानमन्त्रीको दृष्टिकोणलाई साकार गर्दै  जीएसटी परिषदले ३ सितम्बर मा नागरिकहरूको जीवनलाई सजिलो बनाउनका लागि धेरै क्षेत्रहरूमा कर दरहरू कटौती गरेको थियो।